ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 09.08.2024

**बजट सेनस कनक्लुडेट**

राज्य विधानसभाको बजट अधिवेशनको अन्तिम दिन आज सदनले वित्त वर्ष 2024-2025 का लागि आम बजट पारित गर्यो। यसमा चौध हजार चार सय नब्बे करोड़ सड़सठी लाख रूपियाँको धनराशि सामेल छ। सदनमा मुख्यमन्त्री तथा वित्त विभागका प्रभारी मन्त्री श्री प्रेमसिंह तामङले प्रस्तुत गर्नुभएको आम बजट 2024-2025 का लागि सिक्किम विनियोग विधेयक 2024 पनि पारित भयो।

विधानसभाले आज विभिन्न विभाग अधिनका मन्त्रीहरूले वित्त वर्ष 2024-25 का लागि प्रस्तुत गर्नुभएको छुट्टै अनुदान मागलाई पारित गरेको छ। मन्त्रीहरू सबै श्री अरूण कुमार उप्रेती, साम्डुप लेप्चा, जी टी ढुंगेल, श्री पिन्छो नाम्गेल लेप्चा र छिरिङ थेण्डुप भुटिया अनि गृह, वित्त, योजना तथा विकास, कार्मिक, विद्युत, आबकारी, भूराजस्व तथा आपदा प्रबन्धन, परिवहन सूचना तथा जनसम्पर्क, सूचना प्रौद्योगिकी, र कौशल विकास विभागका लागि छुट्टै अनुदान मांगको प्रस्ताव राख्नुभएको थियो।

त्यसपछि लोकलेखा समिति गठन गर्न सदस्यहरूको निर्वाचन गरियो। श्री सोनाम छिरिङ भेन्चुङ्पा सिमितिका अध्यक्ष निर्वाचित हुनुभयो भने श्री तेञ्जिङ नर्बु लाम्था यसका सदस्य हुनुभएको छ। यसै गरी विधानसभा अध्यक्षले विभिन्न समितिहरूका लागि अध्यक्ष र सदस्य मनोनीत गर्नुभयो। त्यसपछि वित्त मन्त्री श्री प्रेम सिंह तामङले 31 मार्च 2022 र 2023 मा समाप्त भएको वर्षका लागि विभिन्न क्षेत्रमा भारतका नियन्त्रक तथा महालेखा परीक्षकको रिपोर्ट प्रस्तुत गर्नुभयो भने उहाँ ले वित्त वर्ष 2022 -2023, र 2023-2024 का निम्ति विभिन्न विभाग आयोग तथा प्रतिष्ठानहरूको रिपोर्ट पेश गर्नु भयो।

पछि आफ्नो समापन वक्तव्यमा मुख्यमन्त्री तथा सदनका नेताले चार दिने लामो बजट सत्रमा भएका क्रियाकलापहरूको उल्लेख गर्नुभयो। श्री तामङले राज्यका विभिन्न मामिलाहरूलाई अघि बढाउन र वित्तीय मार्गचित्र तयार पार्नका लागि अधिवेशनबाट प्राप्त भएको परिणामबारे पनि प्रकाश पार्नुभयो। मन्त्री श्री राजु बस्नेत र विधायकहरू श्रीमती कला राई, पामिन लेप्चा, श्री सोनाम छिरिङ भेञ्चुङ्पा र श्री तेञ्जिङ नर्बु लाम्थाले पनि धन्यवाद ज्ञापन गर्नुभयो। पछि विधानसभा अध्यक्षले धन्यवाद ज्ञापन गर्दै अधिवेशन अनिश्चितकालका लागि स्थगित भएको घोषण गर्नुभयो। यसैवीच राज्यविधानसभामा आज भएको कार्यवाहीमाथि समीक्षात्मक वार्ता अहिले भुटिया समाचारपछि छ बजेर पचपन्न मिनटमा सुन्न सकिनेछ।

**सिएम रियाक्सन**

अधिवेशन समाप्त भएपछि सदन बाहिर पत्रकारहरूसित कुराकानी गर्दै मुख्यमन्त्रीले भन्नुभयो यसपालिको बजटमा विशेष गरी बिजुली, पानी र सड़क अनि स्वास्थ्य , शिक्षा र पर्यटनलाई प्राथमिकता दिइएको छ। भलपैह्रो पिड़ीतहरूको पुनर्वासका लागि पुनर्वास योजना अन्तर्गत सहयोग गरिने र आँउदो वर्ष राज्य स्थापनाको पचासौं वर्षगाँठ पारम्परिक ढंगमा भव्य रूपले मनाउने जानकारी पनि उहाँले दिनुभयो।

**भूँइचालो**

राज्यमा आज बिहान भूँइचालोको झट्का अनुभव गरियो। बिहान छ बजेर सन्ताउन्न मिनटमा गएको भूकम्पको तीव्रता रेक्टर स्केलमा चार दशमलउ चार रहेको बताइएको छ। यसको केन्द्रविन्दु पश्चिम सिक्किमको सोरेङका जमीनदेखि लगभग दस किलोमिटर तल रहेको जानकारी प्राप्त भएको छ। कालेबुङ, दार्जीलिङ र सिलगड़ीमा पनि भूकम्पको झट्का अनुभव गरियो। भूइँचालोले जनधनलाई क्षति पुर्याएको रिपोर्ट छैन।

**हर घर तिरंगा –पिएम**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा मानिसहरूलाई हर घर तिरंगा अभियानलाई अविस्मरणीय जन आन्दोलन बताउन प्रोत्साहित गर्नुभएको छ। उहाँले हर घर तिरंगा वेबसाइटमा आफ्नो सेल्फी साझा गरेर स्वतन्त्रताको उत्सव मनाउने आग्रह गर्नु भएको छ।

**जन उनमुक्ति दिवस**

सत्तारूढ़ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीले भोलि सातौं जन उन्मुक्ति दिवस भव्य रूपमा मनाउने भएको छ। मुख्य समारोह रम्फु माइनिङ मैदानमा आयोजित हुनेछ। यसमा पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङ मुख्य अतिथि रहनुहुनेछ।

**फुटबल**

इलेभेन स्टार क्लब आसाम छोगल सर टाशी नाम्गेल स्मारक स्वतन्त्रता दिवस फुटबल टुर्नामेण्टको सेमिभाइनलमा पुगेको छ। गान्तोकको पाल्जोर स्टेडियममा आज भएको दोस्रो क्वाटर फाइनलमा यस टीमले आक्रमण स्पोर्टङ क्लब गान्तोकलाई एकको विरूद्ध तीन गोलले परास्त गर्यो। भोलि तेस्रो क्वाटर फाइनलमा सिक्किम प्रीमियर लीग 2023 को च्याम्पियन सिक्किम पुलिस कञ्चनजंघा फुटबल क्लब सिलगड़ीसित भिड़नेछ।